annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८१ पृष्ठ ८ | काठमाडौं, आइतबार ६ साउन २०८१ | आषाढ शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४४ | SUNDAY, JULY 21, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# सुदूरमा बजेट संकट: राजस्व शून्य

सुदूरपश्चिम प्रदेशमा अहिले राजस्व संकलन कार्य ठप्प भएको छ। सेवाग्राही कर तिर्छुभन्दा पनि कर्मचारीहरू कर लिन मानिरहेका छैनन्। समाजवादीका नेता दीर्घबहादुर सोडारी मुख्यमन्त्री रहेको सरकारले पेस गरेको बजेट संसद्बाट पास नहुँदा राजस्व संकलन कार्य ठप्प हुन गएको हो। कांग्रेस र एमाले मिलेर केन्द्रमा सरकार बनेपछि सुदूरपश्चिम सरकारलाई दिएको समर्थन एमालेले फिर्ता लिएको छ। मुख्यमन्त्री सोडारी अल्पमतमा परेपछि संसद्बाट बजेट पास हुन सकिरहेको छैन। मुख्यमन्त्री सोडारीले सजिलै सरकार छाड्ने सम्भावना देखिँदैन। सुदूरपश्चिममा बजेट शून्यताको अवस्था आएको छ। यसले सुदूरपश्चिममा आर्थिक संकट बढ्दै गएको छ।

समाचार पृष्ठ २

शिवराज भट्ट | *धनगढी*

– को रिपोर्ट




## पर्व पर्यटनका मूल आधार



**चन्द्र थकाली**

इजलास

मुस्ताङ जिल्ला धार्मिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण जिल्ला हो। यहाँ कृषि र पर्यटनको प्रचुर सम्भावना छ। बर्सेनि ४/५ लाख स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ घुम्न आउँछन्। तर, हाम्रो गाउँ घरपभ्फोङ-३ स्याङ सदरमुकाम नजिकै रहेर पनि पर्यटनका हिसावले निकै पछि पर्‍यो। त्यसो त हाम्रो गाउँ कृषिमा आत्मनिर्भर गाउँ हो। यद्यपि हामीले कृषि व्यवसायलाई पछ्याउँदै पर्यटन व्यवसायमा पनि जोडिन चाहन्छौं।

मुस्ताङमा पोखरा-जोमसोम हवाईमार्ग छँदै छ, यसका अलावा राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला सडक)पनि बर्सेनि सुदृढ र सहज हुँदै छ। यसैका कारण मुस्ताङमा अनुकुल समयमा राजमार्गमा पर्ने यहाँका होटलहरू भरिभराउ हुँदा स्याङ सडकमार्ग नजिकै भएर पनि पर्यटनले पछि पर्‍यो। मुस्ताङको घाँसादेखि कोरलासम्मका होटलहरू पर्यटकले गुल्जार हुँदा खै किन हो हाम्रो गाउँमा पर्यटक आउन सकेका छैनन्। हामीलाई यो देख्दा निकै दु:ख लाग्छ। हामी चाहन्छौं हाम्रो गाउँमा पनि पर्यटक आइदिए हुन्थ्यो। तर, हाम्रो गाउँ स्याङले पर्यटक तान्नै सकेन।

यसपटक हामीले हाम्रो गाउँ चिनाउन र पर्यटन प्रबर्द्धन गर्न परम्परागत धार्मिक तथा ऐतिहासिक पर्व 'खिल्हा'लाई मेलामा रूपान्तरण गर्दै छौं। पर्वलाई आत्मसाथ गर्दै भलिबल, तारा खेल, आर्चरी र घोडा दौड प्रतियोगिता राखेर सम्पूर्ण पर्यटकको ध्यान हाम्रो गाउँतिर तान्ने प्रयत्न गर्दै छु। यो हाम्रो पहिलो प्रयास हो, यसमा हामी सफल हुन्छौं भन्ने आत्मविश्वास छ। सदियौंदेखि बर्सेनि तिब्बतीयन पात्रोअनुसार साउन महिनामा मनाइने हाम्रो पर्व खिल्हा हुँदै छ। हामीले लिएको पर्यटन विकास लक्ष्यलाई सार्थक तुल्याउन र मेलालाई भव्य र सभ्य रूपमा सम्पन्न गर्न स्वदेशी तथा विदेश बस्ने मुस्ताङीहरूले खुला हृदयले आर्थिक तथा भौतिक सहयोग गर्नुभएको छ। हाम्रो खिल्हा मेला साउन ५ देखि ९ गतेसम्म सञ्चालन गर्दै छौं। हामीलाई साथ र सहयोग गर्नेहरूमा प्रतिहार्दिक नमन गर्दछु। हाम्रो उद्देश्य केवल गाउँलाई पर्यटनसँग जोड्नु मात्रै हुनेछ।

*(थकाली जनकल्याण क्लब, स्याङ; मुस्ताङका सल्लाहकार हुन्।)*

# पहाडको चिनो र कागुनो तराईमा लहलह

परमानन्द पाण्डे | *टीकापुर*

कैलालीको टीकापुरस्थित सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान संकाय, स्कुल अफ एग्रिकल्चरले तराईमै रैथाने बाली कागुनो र चिनो फलाएको छ।

स्नातक तहमा कृषि विषय अध्ययन गरिरहेका विद्यार्थीहरूलाई रैथाने बालीको प्रयोगात्मक अभ्यास गराउँदै बाली संरक्षणमा मद्दत पुर्‍याउन स्कुलले पहाडी जिल्लामा पाइने कागुनो र चिनो जस्ता रैथाने बाली तराईमै फलाएको हो।

स्कुलले त्यहाँ अध्ययनरत विद्यार्थीहरूलाई रैथाने बालीका रूपमा रहेका चिनो, कागुनो, लट्टे, कोदो, जुनेलो लगायतका रैथाने बालीहरूको अध्ययन र अनुसन्धानका लागि प्लट तयार गरेर ती बालीहरू फलाएको छ। ती प्लटहरूमा विद्यार्थीले वर्षभरि विभिन्न रैथाने बालीहरू लगाउँदै आएका छन्।

बाजुरा, गोरखा, नुवाकोटलगायतका पहाडी जिल्लाबाट रैथाने बालीहरूको बीउ ल्याएर स्कुल परिसरमा रहेको जग्गामा प्लट निर्माण गरी रैथाने बालीहरूको संरक्षण थालनी गरेको हो। विश्वविद्यालय कृषि विज्ञान संकायका डिन डाक्टर विष्णुविलाश अधिकारी जलवायु उत्थानशील कृषिका लागि विद्यार्थीहरूको संलग्नतामा रैथाने बाली संरक्षण गर्न तराईको माटो सुहाउँदो रैथाने बालीको विकास गर्न अध्ययन, अनुसन्धान सुरु गरिएको बताउँछन्।

'पहाडी जिल्लामा समेत लोपोन्मुख अवस्थामा रहेका रैथाने बालीलाई संरक्षण गर्नका लागि विद्यार्थीहरूलाई यसबारे ज्ञान दिने, अभ्यास गराउने गरी प्लट निर्माण गरेर अनुसन्धानहरू गरिरहेका छौं' डीन डाक्टर अधिकारीले भने 'जलवायु परिवर्तनका असरलाई मध्यनजर गर्दै तराई क्षेत्रमा कागुनो, चिनो, कोदो, लट्टे, जुनेलो जस्ता बालीको खेतीबारे विद्यार्थीकै सहभागितामा फलाइएको छ।'

डाक्टर अधिकारीले अध्ययनले ती प्लटहरूमा उत्पादित रैथाने बालीमा पहाडकै जस्तो दाना नलागे पनि खेती हुन सक्ने सम्भावना देखिएको बताए। 'यहाँ सिँचाइको सुविधा राम्रो छ, तापक्रम सुहाउँदो बाली विकास गरेर हाम्रा विद्यार्थीको सहभागितामा रैथाने बालीको खेतीलाई किसानसम्म पुर्‍याउने उद्देश्यले संरक्षण थालनी गरेका हौं', डाक्टर अधिकारीले भने, 'रैथाने बालीको नयाँ बीउहरू विकास गरेर समुदायमै यसको खेती विस्तार गर्न सकिन्छ।'

स्वास्थ्यबर्द्धक मानिएका रैथाने बाली फलाएर गरिएको अध्ययन अनुसन्धान विद्यार्थीलाई रैथाने बालीको प्रयोगात्मक ज्ञान प्राप्त हुने डाक्टर अधिकारीको विश्वास छ।

'अहिले टीकापुरमा कागुनो, कोदो, चिनो, जुनेलो मकै, लट्टेको बीउ ल्याएर हामीले डेमो गरिरहेका छौं, अनुसन्धान पनि गरिरहेका छौं', उनले भने, 'यहाँ राम्रो उत्पादन देखिएको छ, ती बालीहरूमा थप अनुसन्धान गरेर ठूलो क्षेत्रफलमा किसानको खेतबारीसम्म पुर्‍याउन विश्वविद्यालयले दक्ष कृषि प्राविधिक तयार गर्ने लक्ष्य लिएको छ।'

» बाँकी पृष्ठ ६



**स्कुल अफ एग्रिकल्चरमा फलेको कागुनो (दायाँ) र स्कुलको प्लटमा हुर्किरहेको जुनेलो।**

## एयर इन्डियाद्वारा उडान ३० घन्टा ढिलो भएपछि यात्रुहरूलाई भाडा फिर्ता

**नयाँदिल्ली** (रासस/एएनआई) : सान फ्रान्सिस्कोका लागि उडेको एयर इन्डियाको उडानमा ३० घण्टा ढिलाइपछि यात्रुहरूलाई भाडा पूर्णरूपमा फिर्ता गर्ने एयर इन्डियाले घोषणा गरेको छ।

एयर इन्डियाको पत्रमा भनिएको छ, 'कृपया सान फ्रान्सिस्कोको यात्रामा तपाईंलाई पर्न गएको असुविधाका लागि हामी क्षमाप्रार्थी छौं। विगत २४ घण्टा कठिन थियो र यस अवधिमा धैर्यताको लागि धन्यवाद।'

यात्रुलाई छिटोभन्दा छिटो सान फ्रान्सिस्को पुग्ने व्यवस्था गर्नु आफ्नो प्राथमिकता रहेको र यसका लागि सम्बन्धित निकायसँगको सहकार्यमा राहत उडान पठाएको पनि एयरलाइन्सले जनाएको छ।

हामीले तपाईंले भोग्नु भएको अनुभवलाई मेटाउन सक्दैनौं, हाम्रो इमानदार पश्चात्ताप व्यक्त गर्नका लागि, हामी तपाईंको यात्राको भाडा पूर्णरूपमा फिर्ता गर्नेछौं।'

नयाँ दिल्लीबाट सान फ्रान्सिस्कोका लागि उडेको एयर इन्डियाको उडान प्राविधिक कारणले रूसको क्रास्नोयार्स्क अन्तर्राष्ट्रिय विमानस्थलमा आकस्मिक अवतरण भएको करिब ३० घण्टापछि अमेरिकी सहरको विमानस्थलमा सुरक्षित अवतरण भएको थियो।

# कांग्रेस-एमालेसँग जनअपेक्षा

समाचार टिप्पणी

कमलदेव भट्टराई | *काठमाडौं*

करिब १० वर्षपछि देशका दुई प्रमुख दल नेपाली कांग्रेस र एमाले संयुक्त सरकार निर्माण गरेका छन्। जतिवेला देशमा संकट उत्पन्न हुन्छ, त्यतिबेला दुई दल एक ठाउँमा आउँछन् भन्ने अभिव्यक्ति दुवै दलका नेताहरूबाट आइरहेको छ। १० वर्ष पहिला, संविधान जारी गर्ने उद्देश्यकसाथ दुई दलले बलियो सरकार निर्माण गरेका थिए जसमा उनीहरू सफल पनि भए। आज फेरि त्यही संविधानमा संशोधन गर्ने र देशले भोगेका अन्य समस्या समाधान गर्ने भन्दै दुई दल एक ठाउँमा आएका छन्।

विगत १० वर्षको दौरानमा देशमा निकै उथलपुथल आयो। नयाँ संविधानको निर्माणले देशमा राजनीतिक स्थिरता कायम भई देश आर्थिक समृद्धिको दिशामा जाने जनअपेक्षा थियो। तर, संविधान निर्माणसँगै देशमा झनै राजनीतिक अस्थिरता, आर्थिक संकट र निराशा बढ्दै गयो।

त्यसयता बनेका कुनै पनि सरकार अढाई वर्षभन्दा बढी टिक्न सकेनन्। प्रदेश सरकार उस्तै अस्थिर बने। यस अवधिमा तुलनात्मक रूपमा स्थानीय सरकारले जनतामा आस जगाउने काम गरे र त्यहाँ व्याप्त भ्रष्टाचारले त्यसलाई पनि ओझेलमा पारेको छ। यस अवधिमा न्यायलय, सुरक्षा निकाय, संसद, संवैधानिक निकायप्रति जनताको विश्वास डगमगाउँदै गयो।

विगत १० वर्षमा प्रमुख राजनीतिक दलले देखाएको सत्ता लुछाचुँडीले जनतामा व्यापक निराशा छायो, राज्य संयन्त्र, सरकार र राजनीतिक दलहरूप्रति जनताको विश्वास निरन्तर घट्दै गयो। राज्यका निकायले स्वतन्त्र ढंगलेभन्दा पनि कुनै राजनीतिक दलको चासोमा काम गर्छन् भन्ने भाष्य निर्माण हुँदै गयो। युवा पुस्ता मात्र होइन्, प्रौढले पनि देशमा आफ्नो भविष्य देख्न थालेनन्। रोजगारी सिर्जना नै हुन सकेन्।

त्यसैले रोजगारी, शिक्षा र स्थायी रूपमा नै विदेश जान चाहनेको संख्या ह्वात्तै बढ्यो। २०७९ सालको निर्वाचनपछि माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री बने तर उनको ध्यान देशका समस्या समाधान गर्नेभन्दा पनि सत्ता टिकाउनमा नै गयो। जसरी पनि सत्तामा टिक्नका लागि उनले कांग्रेस र एमालेसँग ३-३ महिनामा समीकरण फेर्न थाले। यसको असर प्रदेशमा पनि देखियो, प्रदेश सरकार निर्माणको विषय राजनीतिक दलको हातबाट अदालतको हातमा पुग्यो। कोभिडले थला परेको अर्थतन्त्र झन् धरासायी बन्यो। ३-३ महिनामा अर्थमन्त्री परिवर्तन हुने, अर्थ र राष्ट्र बैंकको बिचमा समन्वय त परै जाओस् द्वन्द्व नै बढ्यो। जसले गर्दा अर्थतन्त्र सुधारको योजनाबद्ध पहल नै भएन्। यसले जनतामा वितृष्णा मात्र उत्पन्न भएन्, २०७२ सालको संविधान र यो राजनीतिक प्रणालीमाथि नै आक्रमण हुन थाल्यो।



व्यवस्था विरोधी आवाजहरू ठूलो हुँदै गयो, यति मात्र होइन सडकमा केही अराजकतासमेत देखिन थाल्यो। यही बीचमा देशका विभिन्न भूभागमा बिभिन्न समुदायको बिचमा द्वन्द्वसमेत हुन थाल्यो। विभिन्न तत्वले सामाजिक सद्भाव र एकता भाड्ने प्रयास गरे, गरिरहेका छन्। लामो समयसम्म आपसी सद्भाव, एकता र मैत्रीपूर्ण ढंगले बसेको समाजमा द्वन्द्व र विग्रहको बीउ रोपियो। देशको समग्र अवस्था सतहमा देखिएको भन्दा निकै गम्भीर बन्यो गयो।

सम्भवत: यही गम्भीर परिस्थितिले नै नेपाली कांग्रेस र एमाले एक ठाउँमा ल्याएको हुनुपर्छ। दुई दलले पार्टीगत स्वार्थभन्दा पनि देशप्रतिको जिम्मेवारी महसुस गरेको देखिन्छ, जुन सकारात्मक हो तर त्यसलाई व्यवहारमा नै पुष्टि गर्ने ठूलो चुनौती उनीहरूको काँधमा छ। कांग्रेस र एमालेबीच भएको सहमति औपचारिक रूपमा सार्वजनिक त भएको छैन तर नेताहरूले बताएअनुसार राजनीतिक स्थायित्व कायम गर्नु, आर्थिक अवस्थामा सुधार ल्याउनु र संविधान संशोधन गर्नु मुख्य कार्यभार हो।

वास्तवमा यी समस्याको समाधान गर्नका लागि राष्ट्रिय एकताको सरकार निर्माणको आश्यकता थियो तर दलहरूबीच सहमति हुन सकेन्। तर, पनि प्रधानमन्त्री केपी शर्मा ओलीले संसद्बाट दुईतिहाइको समर्थन पाउने अवस्था बनेको छ। नयाँ गठबन्धनको मुख्य चुनौती सरकारलाई प्राप्त दुईतिहाइ समर्थन कायम राखिराख्नु हो। यसका लागि दुई दलले साना राजनीतिक दलहरूसँग निरन्तर संवाद र सहकार्यको आवश्यकता छ।

» बाँकी पृष्ठ ६